

# परिवार नियोजनका ग्राहक र सेवा प्रदायकका लागि निर्णय सामग्री

## नेपाली संस्करण, २०७१

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा

# स्वागतम

**यो फिलप चार्ट प्रयोग गरेर हामी तपाईलाई सहयोग गर्न सक्छौं :**

- एउटा साधन छान्न र प्रयोग गर्न
- कुनै पनि समस्याको समाधान खोज्न
- सही सूचना प्राप्त गर्न

- ग्राहकलाई गर्भ जोशले अभिवादन गर्नुहोस् र सम्मान दिनुहोस् ।
- आउनु भएकोमा धन्यवाद दिनुहोस् ।
- फिलप चार्ट तिर देखाउनुहोस् र भन्नुहोस् यस पुस्तिकाले ग्राहक र सेवा प्रदायक दुवैलाई सहयोग पुऱ्याउँछ ।

**मलाई निम्नकुराहरु भन्नुहोस् :**

- आफ्नो बारे
- तपाईंको आवश्यकताहरु
- तपाईंको प्रश्नहरु

- ग्राहकसँग कुरा गर्नुहोस् र प्रश्न गर्नुहोस् ।
- तपाई ग्राहकका कुरा सुन्न उत्सुक हुनुहुन्छ भन्ने स्पष्ट पार्नुहोस् ।
- ग्राहकलाई आफ्नो बारेमा खुलस्त भएमा सहयोग गर्न सजिलो हुन्छ भनी बताउनुहोस् ।



***हामी तपाईले वताएको कुरालाई गोप्य राख्छौं ।***

- **के भेट्ने ठाउँ गोप्य छ ?**
- **ग्राहकले भनेका कुराहरु गोप्य रहनेछ भनेर विश्वस्त गराउनुहोस् "तपाईले भनेका कुरा अरुलाई भनिने छैन" ।**


**यस पछि :**

**ग्राहकले सजिलो महसुस गरेर बोल्न थालेपछि अर्को पानामा जाने ।**

# म आज तपाईंलाई कसरी सहयोग गर्न सक्छु ?



- अहिले परिवार नियोजनको कुनै साधन प्रयोग गरिरहनु भएको छ ?
- साधन छनौट गर्न लाग्नु भएको हो ?
- साधनको बारेमा कुनै प्रश्न वा समस्या छ ?
- एच.आई.भी (HIV) वा यौन संक्रमण (STI) बारेको कुनै जिज्ञासा छ ?
- गर्भवती भएको/हुन सक्ने चिन्ता छ ?
- अन्य कुनै आवश्यकताहरु छन् ?



**साधन छनौट:**
कुनै पनि साधन
नछानेको भए

# के तपाईले कुनै साधनबारे सोच्नु भएको छ ?

**छ भने, तपाईको लागि कत्तिको उपयुक्त छ ? छलफल गरौं ।**

- **यो साधन तपाईलाई किन मन परेको हो ?**
- **यो साधनको बारेमा तपाईले के सुन्नुभएको छ ?**

- ग्राहकले कुनै साधन बारे सोचेको छ भने त्यो साधन उसको लागि उपयुक्त छ कि छैन भनेर जान्न यो पाना प्रयोग गर्ने ।

**ग्राहकसँग साधनका बारेमा जानकारी भए नभएको जाँच गर्ने :**

- ग्राहकलाई साधनबारे के कत्तिको जानकारी छ र थप केही जानकारी चाहिन्छ कि सोधेर थाहा पाउने ।
- यदि ग्राहकको बुझाई गलत भएमा सो सम्बन्धी छलफल गर्ने र प्रष्ट पार्ने ।

**ग्राहकको लागि साधन उपयुक्त छ वा छैन भनेर जान्न प्रश्न गर्ने ।**
उदाहरणका लागि :



- *के तपाई प्रत्येक दिन चक्की खान सम्झन सक्नु हुन्छ ?*
- *के तपाई सूई लिन समयमा आउन सक्नु हुन्छ ?*

**छैन भने, हामी तपाईलाई उपयुक्त हुने साधन छनौट गर्न सहयोग गर्न सक्छौं ।**

**ग्राहकले अन्य साधनको बारेमा जान्न चाहेको वा नचाहेको बुझ्ने ।**

*के तपाई यौन संक्रमण वा एच.आई.भी. बाट समेत बचावट चाहनु हुन्छ ?*

- सबैलाई गर्भधारण र यौन संक्रमण/एच.आई.भी. दुवैबाट बच्न आवश्यक छ भनी बताउने ।
- ग्राहकलाई उनको यौन सम्बन्ध र यौन व्यवहार बारे खुलेर कुरा गर्न प्रोत्साहित गर्ने ।

**यदि ग्राहकलाई बचावटको उपाय आवश्यक छ वा आवश्यक नभएको यकिन छैन भने दोहोरो बचावट फुर्कामा जाने ।**

## यस पछि :



**कुनै साधन बारे सोचेको छैन वा सोचेको साधन ग्राहकलाई उपयुक्त नभएमा** अर्को पानामा जाने ।

**साधन सम्बन्धमा थप छलफल गर्न** साधन छनौटको फुर्कामा जाने ।

**यौन संक्रमण र एच.आई.भी.बाट बच्न** दोहोरो बचावट फुर्का मा जाने ।


आई.यू.सी.डी./पिल्स चक्की/डिपो सूई/इमप्लाण्ट/पुरुष बन्ध्याकरण/महिला बन्ध्याकरण/ल्याम/माला चक्र विधि गर्भनिरोधका लागि भरपर्दो साधन हुन् तर यौन संक्रमण/एच.आई.भी.सर्नबाट बच्न हरेक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

# आफ्नो लागि उपयुक्त साधन छनौट गर्न सक्नु हुन्छ ।



कुनै पनि साधन छान्नु भएको छैन भने निम्न बिषयमा छलफल गरौं ।


- परिवार नियोजन सम्बन्धी तपाईको अनुभव ।
- परिवार नियोजनका साधनका बारेमा तपाईले सुनेका कुराहरु ।
- सन्तान जन्माउने विषयमा तपाईको योजना ।
- यौन संक्रमण/एच.आई.भीबाट बच्ने बारेमा ।
- तपाईको जोडी वा परिवारको धारणा ।
- अन्य आवश्यकता र जिज्ञासाहरु ।




दोहोरो वचावट :

# गर्भधारण र यौन संक्रमण/एच.आई.भी दुवै हुन नदिने तरिकाहरु

*परिवार नियोजनका साधनको प्रयोग*




*केही अन्य विकल्पहरु :*




*यौन संक्रमण/एच.आई.भी. बाट बच्ने अन्य उपायहरु :*



यौन जोडीको संख्या घटाउने । संक्रमण नभएको एउटा साथी नै सुरक्षाको उपाय हो ।

*** असंक्रमित यौन जोडी भनेको के हो ?**

ग्राहकले आफ्ना यौन जोडीमा यौन संक्रमण/एच.आई.भी. छ कि छैन बुझ्न आवश्यक छ । अर्को पानामा जाने ।

**यौन संक्रमण/एच.आई.भीका कुराहरु बिस्तारै शुरु गर्नुहोस् र इमान्दारीपूर्वक राख्नुहोस् :**

*"किनभने यौन संक्रमण/एच.आई.भी आजको बढ्दो समस्या हो । हामी सबैले आफू र आफ्नो परिवारलाई जोगाउने गरी साधन छनौट गर्न जरुरी छ ।*

- आवश्यक भएमा एच.आई.भी. र यौन संक्रमणका बारेमा बताउने (परिशिष्ट AP8 हेर्ने) साथै यसका परिणामहरु बताउने (जस्तै : पिडा, बाँझोपन र मृत्यु)
- *ग्राहकको सुरक्षित वा असुरक्षित यौन व्यवहार जे भएपनि सुरिक्षत व्यवहार छनौट गर्न मद्दत गर्ने ।*

**दोहारो वचावटको छनौट बारे बताउनुहोस् :**

- राम्रोसँग प्रयोग गरेमा कण्डम परिवार नियोजनका लागि अति प्रभावकारी साधन हुनुका साथै एच.आई.भी/यौन संक्रमणबाट बचाउने एक मात्र साधन हो ।
- कण्डमका साथै अरु थप परिवार नियोजनको साधनको प्रयोग गरेमा बढि सुरक्षित हुन्छ ।
- तपाई र तपाईको जोडी संक्रमित हुनुहुन्न भने परिवार नियोजनको कुनै पनि साधन अपनाउन सक्नुहुन्छ ।
- विभिन्न यौन गतिविधिले यौन सन्तुष्टी दिन्छ, तर जोडीको विर्य र यौनी स्रावको सम्पर्क नहोस् भन्ने कुरामा सचेत हुनुपर्छ । असुरक्षित यौन सम्पर्क गुदद्धार र मुख मैथुन गर्नु हुंदैन ।
- अविवाहित र अन्य किशोरकिशोरीहरुका लागि यौन गतिविधि ढिलो गर्नु वा यौन क्रिया नगर्नु नै उपयुक्त छनौट हुनसक्छ ।

*यदि ग्राहकले चौथो वा पाँचौ उपाय छानेमा पनि यौन सम्पर्कका लागि आफूसँग सधैं कण्डम राख्ने भनी सल्लाह दिने ।*

**यस पछि**

**ग्राहक कुन उपायको बारेमा थप छलफल गर्न चाहन्छ ?**





**जोखिमपूर्ण व्यवहार भएका ग्राहकलाई थप सहयोग चाहिएमा** अर्को पानामा जाने

**ग्राहक कण्डमको प्रयोगको बारेमा जान्न चाहन्छ भने** कण्डमको फुर्का मा जाने ।

**ग्राहक अन्य साधनको बारेमा जान्न चाहन्छ भने** उपयुक्त साधन अनुसारको फुर्कामा जाने ।

आई.यू.सी.डी/पिल्स चक्की/डिपो सूई/इमप्लाण्ट/पुरुष बन्ध्याकरण/महिला बन्ध्याकरण/ल्याम/माला चक्र विधि गर्भनिरोधका लागि भरपर्दो साधन हुन् तर यौन संक्रमण/एच.आई.भी सर्नबाट बच्न हरेक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

# आफ्नो जोखिमको पहिचान गर्नुहोस् ।



- केही अवस्थाहरु अन्य भन्दा बढी जोखिमपूर्ण हुन्छन् । जस्तैः
  एकभन्दा बढी यौन साथी राख्ने ।
- प्रायः जसो तपाईलाई, वा तपाईको जोडीलाई यौन संक्रमण छ भनेर थाहा नहुन सक्छ ।
- एच.आई.भी भएका व्यक्ति पनि स्वस्थ्य नै देखिन्छन् ।
- शंका लागेको छ भने एच.आई.भी को जाँच उपलब्ध छ ।

के तपाई एच.
आई.भी को जाचँ गराउन
चाहनु हुन्छ ?

## यौन संक्रमणका लक्षणहरु :



### महिलाहरुमा


- तल्लो पेट दुख्छ ?
- योनीभित्र र वरिपरी घाउ छन् ?





### पुरुषहरुमा

- लिङ्गबाट पीप आउँछ ?





- गुप्ताङ्गमा घाउ छ ?



- पिशाब गर्दा पोल्छ वा दुख्छ ?

# बिशेष आवश्यकता भएका ग्राहकहरु

## यो पानाले बिशेष परामर्श र सुझाव चाहने ग्राहकलाई सहयोग गर्छ ।


- नव युवा ग्राहक ........................................ पाना SN3 मा जाने
- अधवैंशे ग्राहक ........................................ पाना SN3 मा जाने
- गर्भवती र सुत्केरी पछिका ग्राहक ........................................ पाना SN4 मा जाने
- गर्भपतन पछि आएका ग्राहक ........................................ पाना SN5 मा जाने
- एच.आई.भी भएका ग्राहक ........................................ पाना SN6 मा जाने
- केही समयपछि गर्भवती हुन चाहने ग्राहक ........................................ पाना SN7 मा जाने
- वैदेशिक रोजगारमा गएका पुरुष/महिला र तिनका श्रीमती/श्रीमान ..................... पाना SN8 मा जाने


**यस पछि :**

माथि उल्लेख भए अनुसारको पानामा जाने


आई.यू.सी.डी/पिल्स चक्की/डिपो सूई/इमप्लाण्ट/पुरुष बन्ध्याकरण/महिला बन्ध्याकरण/ल्याम/माला चक्र विधि गर्भनिरोधका लागि भरपर्दो साधन हुन् तर यौन संक्रमण/एच.आई.भी सर्नबाट बच्न हरेक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।



विशेष आवश्यकता भएका ग्राहक

# नव युवाहरुलाई म कसरी सहयोग गर्न सक्छु ?





## के बारे थप जानकारी चाहनु हुन्छ ?

उदाहरणको लागि :

- अभिभावक वा जोडीले थाहा पाउँछ भन्ने लाग्छ ?
- गर्भनिरोधको आवश्यकता बारेमा ?
- एच.आई.भी बारेमा चिन्तित हुनुहुन्छ ?
- जोडीसँगको समस्याहरु बारेमा ?
- गर्भधारण बारेमा ?
- यौन सम्पर्कको बारेमा ?
- आफ्नो शरीरको बारेमा ?

*तपाईलाई यहाँ स्वागत छ ।*

पुनः आएका ग्राहक

# कुन साधन प्रयोग गरिरहनु भएको छ ?



आई यू.सी.डी ............................पाना RC 2


पुरुष तथा महिला बन्ध्याकरण
.......................... पाना RC 10


पिल्स चक्की ...........................पाना RC 4


पुरुष तथा महिला कण्डम
............................ पाना RC 11


डिपो सूई..............................पाना RC 6


स्तनपानमा आधारित गर्भनिरोध विधि (LAM)
......................................... पाना RC 13


इमप्लाण्ट ......................................पाना RC 8


प्रजनन सचेना विधिः
माला चक्र .................... पाना RC15




**यस पछि :**

**पुनः आएका ग्राहकको सेवाको लागि उपयुक्त पानामा जाने ।**

आई.यू.सी.डी/पिल्स चक्की/डिपो सूई/इमप्लाण्ट/पुरुष बन्ध्याकरण/महिला बन्ध्याकरण/ल्याम/माला चक्र विधि गर्भनिरोधका लागि भरपर्दो साधन हुन् तर यौन संक्रमण/एच.आई.भी सर्नबाट बच्न हरेक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

# आई.यू.सी.डी. प्रयोग गरिरहेका ग्राहक




## म कसरी सहयोग गर्न सक्छु ?

- तपाई आई.यू.सी.डी. को प्रयोगबाट सन्तुष्ट हुनुहुन्छ ?
  तपाईको लागि यो साधन उपयुक्त छ वा छैन, परिक्षण गरौं !
- केहि सोध्न चाहनुहुन्छ ?


## अब जाँचौ :



- कुनै नयाँ स्वास्थ्य समस्या छ ?
- कण्डमको पनि आवश्यकता छ ?



*याद रहोस् : आई.यू.सी.डी.ले यौन संक्रमण र एच.आई.भी बाट बचाँउदैन ।*




# आकस्मिक गर्भनिरोध

ङ असुरक्षित यौन सम्पर्क पछि गर्भधारण रोक्ने सुरक्षित उपायहरु छन् ।

- "यस्तो अवस्था जो सुकैलाई आउन सक्छ ।"
- असुरक्षित यौन सम्पर्क हुँदा गर्भधारण हुनसक्छ ।
- ग्राहकले चाहेमा उनको असुरक्षित यौन सम्पर्क विवरण भन्न लगाउने ।
- जे भने पनि ग्राहकलाई सहयोग गर्ने ।



- निम्न अवस्थामा ग्राहकले आकस्मिक गर्भनिरोध चाहन सक्छ :
  - कुनै पनि साधन प्रयोग नगरेको भएमा ।
  - साधन सही तरिकाले प्रयोग नगरेको भएमा (जस्तैः पिल्स चक्की खान छुटाएको, डिपो सूई ढिलो लगाएको, कण्डम च्यातिएको)
- परिशिष्ट AP1 को कुनै प्रश्नमा हो भन्ने उत्तर दिएमा सामान्यतया आकस्मिक गर्भनिरोध आवश्यक पर्दैन । यसो भए पनि ग्राहक चिन्तित छिन् भने आकस्मिक गर्भनिरोधको साधन प्रयोग गर्न सक्छिन् ।

- **असुरक्षित यौन सम्पर्क कहिले गर्नुभयो ।**
  - **पाँच दिन नभएको भए ?**
  - **पाँच दिन भन्दा बढि भएको भए ?**

**आकस्मिक गर्भनिरोध चक्की :**

- असुरक्षित यौन सम्पर्क भएको १२० घण्टा भित्रमा जतिसक्दो चाँडो गर्भनिरोधको साधन प्रयोग गरेमा बढि प्रभावकारी हुन्छ ।

**आकस्मिक आई.यू.सी.डी :**

- यो चक्की भन्दा बढी प्रभावकारी भएपनि यौन संक्रमणको बढी जोखिम भएमा प्रयोग गर्न हुँदैन । (IUCD 2 हेर्ने)
- असुरक्षित यौन सम्पर्क भएको १२० घण्टा भित्र यसको प्रयोग गर्न सकिन्छ । (EC 4 हेर्ने) र त्यसपछि पनि चाहेमा राखिरहन सकिन्छ ।

- परामर्श दिने ।

- **असुरक्षित यौन सम्पर्कबाट यौन संक्रमण/एच.आई.भीको जाखिम पनि छ ?**

- यदि एच.आई.भी यौन संक्रमण/एच.आई.भीको जोखिम छ भने जोखिम पश्चातको रोकथाम ७२ घण्टा भित्र शुरु गर्ने । साथै यौन रोगको उपचार पनि शुरु गर्ने । अन्य सहयोग र सुझावको लागि प्रेषण (refer) गर्ने ।

**यस पछि :**

**ग्राहक आकस्मिक गर्भनिरोध गर्न चाहन्छ ?** ✔


**आकस्मिक गर्भनिरोध चक्की को जानकारीको लागि** अर्को पानामा जाने ।

**आकस्मिक आई.यू.सी.डीको जानकारीको लागि** पाना EC 4 मा जाने ।


आकस्मिक गर्भनिरोध चक्की आकस्मिक अवस्थाको लागि मात्र हो । यो परिवार नियोजनको नियमित साधन होइन ।
यसले एच.आई.भी र यौन संक्रमणबाट बचाउँदैन । एच.आई.भी/यौन संक्रमणबाट बच्न हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

# आकस्मिक गर्भनिरोध चक्की


- असुरक्षित यौन सम्पर्क पछि चाँडो भन्दा चाँडो खानुपर्छ ।
- गर्भपतन गराउँदैन ।
- वाक वाकी लाग्ने, वान्ता हुने र थोपाथोपा रगत देखिन सक्छ ।
- अर्को पटकको यौन सम्पर्कमा गर्भधारण रोक्न सक्दैन ।
- यो आकस्मिक अवस्थाको लागि मात्रै हो । नियमित प्रयोगका लागि होइन ।







आई.यू.सी.डी



# आई.यू.सी.डी

- **यो साधन पाठेघर भित्र राखिन्छ ।**

**आई.यू.सी.डी. को बारेमा :**
- तामाले बेरिएको धागो सहितको सानो लचकदार प्लाष्टिक फ्रेम (plastic frame) हो । ग्राहकलाई आई.यू.सी.डी को नमुना समात्न लगाउने र अनुभव गर्न लगाउने ।
- यसले खास गरी शुक्रकिट र डिम्बको सम्पर्क रोक्ने कार्य गर्दछ ।
- कहिले पनि गर्भवती नभएको महिला सहित, धेरै महिलाहरुले आई.यू.सी.डी को प्रयोग गर्न सक्छन् ।

- **यो प्रभावकारी छ ।**
- **यसले १२ वर्ष सम्म काम गर्छ ।**

- धेरै प्रभावकारी, छ ।
- कपर टी ३८० ए (Copper T 380 A) ले १२ वर्षसम्म काम गर्छ ।
- आई.यू.सी.डी निकाल्नासाथ प्रजनन क्षमता फर्किन्छ ।

- **तपाइले चाहेको समयमा निकाल्न सकिन्छ ।**
- **यो धेरै सुरक्षित छ ।**

**आई.यू.सी.डी. बारेका भ्रमहरु पहिल्याउनु होस्:**
- *आई.यू.सी.डी को बारेमा के सुन्नु भएको छ ? (परिशिष्ट AP10 हेर्ने )*



**भ्रमहरु प्रष्ट पार्ने :**
- आई.यू.सी.डी पाठेघर भित्र रहन्छ यो शरीरको अन्य भागमा जाँदैन ।
- यौन सम्पर्कमा कहिले काँही पुरुषले धागोको अनुभव गरेता पनि, आई.यू.सी.डी. सहि ठाउँमा नै रहिरहन्छ र यौन सम्पर्कमा बाधा पुराउँदैन ।
- धेरै वर्ष पछि पनि पाठेधर भित्रको आई.यू.सी.डीमा खिया लाग्दैन ।

- **महिनावारी हुँदा रगत धेरै जान वा तल्लो पेट दुख्न सक्छ ।**

- **साधारण असरहरु :** प्राय जसो पहिलो ३ महिनापछि आफै ठीक भएर जान्छ । (IUCD 3 हेर्ने)

- **यसले यौन संक्रमण र एच.आई.भीबाट बचाउँदैन ।**

- यौन संक्रमण र एच.आई.भीबाट बचावटका लागि कण्डमको पनि प्रयोग गर्ने ।

**यस पछि :**



"के ग्राहक आई.यू.सी.डी बारेमा थप जानकारी चाहन्छ ? वा अन्य साधनबारे छलफल गर्न चाहन्छिन् ?"

| | |
|---|---|
| **ग्राहकले आई.यू.सी.डीको बारेमा थप जानकारी चाहेमा** अर्को पानामा जाने । | **अन्य साधन बारे छलफल गर्न** साधन छनौटको फुर्कामा जाने । |

आई.यू.सी.डी गर्भनिरोधका लागि मात्र हो । यसले एच.आई.भी. र यौन संक्रमणबाट बचाउँदैन ।
त्यसैले एच.आई.भी र यौन संक्रमणबाट बच्न हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।


# आई.यू.सी.डी प्रयोग गर्न कसले सक्छ, कसले सक्दैन ?

प्राय जसो महिलाले आई.यू.सी.डी प्रयोग गर्न सक्दछन् तर निम्न अवस्थाहरुमा आई.यू.सी.डी को प्रयोग गर्न सकिदैन :





- गर्भवती भएमा ।
- भर्खरै बच्चा जन्माएको अवस्थामा (दुई दिन नाघे पछि)
- यौन संक्रमणको जोखिम बढी भएको अवस्थामा
- भर्खरै योनीबाट असामान्य रक्तश्राव भएको अवस्थामा ।
- गुप्ताङ्गमा समस्या र संक्रमण देखिएको अवस्थामा ।




# पिल्स चक्की

**मिश्रित चक्की बारे :**
- इसट्रोजेन र प्रोजेसटोजेन दुवै हर्मोन हुन्छ ।
- यसले डिम्ब उत्पादन हुन दिदैंन ।

- **प्रत्येक दिन एक चक्की पिल्स खानुपर्छ ।**
  - *"के तपाई प्रत्येक दिन एउटा चक्की खान सम्झनु हुन्छ ?"*
  - यौन सम्पर्कको बेला केही गर्नुपर्ने झन्झट हुँदैन ।
- **धेरै प्रभावकारी छ ।**
  - **प्रत्येक दिन खाएमा धेरै प्रभावकारी हुन्छ :** तर खान बिर्सेमा, गर्भवती हुन सक्ने सम्भावना हुन्छ ।
  - **गर्भवती हुन चाहेमा :** यो चक्की खान छाडेमा गर्भवती हुने क्षमता चाँडै फर्किन्छ ।
- **धेरै सुरक्षित छ ।**
- **महिनावारी हुँदा थोरै रगत जान्छ र तल्लो पेट दुख्ने घटाउँछ ।**
  - धेरै जसो महिलालाई चक्कीले हानि गर्दैन ।
  - महिनावारी हुँदा कम रगत जाने हुँदा रक्त अल्पता घटाउन सहयोग गर्दछ ।
  - हृदयघात, खुट्टामा रगत जम्ने जस्ता गम्भिर जटिलताहरु कमै हुन्छन् ।
  - पिल्स चक्कीको बारेमा भ्रामक कुराहरु भए नभएको बुझ्ने र प्रष्ट पार्ने । (परिशिष्ट AP10 मा जाने)



- **केही महिलालाई शुरुमा साधारण असर हुनसक्छ तर हानी गर्दैन ।**
  - **साधारण असरहरु** सामान्यतया ३ महिनापछि हराएर जान्छ । (पाना P3 मा हेर्ने )
- **यौन संक्रमण/एच.आई.भी बाट बचाउँदैन ।**
  - **यौन संक्रमण/एच.आई.भी. बाट बच्न कण्डम प्रयोग गर्ने ।**

**यस पछि :**




*" के ग्राहक पिल्स चक्कीबारे थप जान्न चाहन्छिन् वा अन्य साधनको बारे छलफल गर्न चाहन्छिन् ?"*

| | |
|---|---|
| **पिल्स चक्की बारे थप जान्न चाहेमा** अर्को पानामा जाने । | **अन्य साधनबारे छलफल गर्न** साधन छनौटको फुर्कामा जाने । |

पिल्स चक्की गर्भनिरोधका लागि मात्र हो । यसले यौन संक्रमण/एच.आई.भीबाट बचाउँदैन ।
त्यसैले एच.आई.भी र यौन संक्रमणबाट बच्न हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

# पिल्स चक्की प्रयोग गर्न कसले सक्छ, कसले सक्दैन ?

धरै जसो महिलाहरुले पिल्स चक्की प्रयोग गर्न सक्छन् ।



## तर निम्न अवस्थामा प्रयोग गर्नु हुँदैन



- ३५ बर्ष नाघेका धुम्रपान गर्ने महिला भएमा ।



- उच्च रक्तचाप भएमा ।



- सुत्केरी भएको ६ महिना नपुगेको र स्तनपान गराईरहेको अवस्थामा ।




- गर्भवती भएमा ।



- अन्य केही गम्भिर स्वास्थ्य अवस्थामा ।

डिपो सूई



# डिपो सूई

- **यो ३ महिने सूई हो ।**

**डिपो सूईबारे :**
- डिपोमा प्रोजेसटोजेन हर्मोन हुन्छ ।
- खास गरेर डिम्ब बन्ने प्रक्रियालाई रोकेर काम गर्दछ । (परिशिष्ट AP4 र AP5 हेर्ने)
- ३ महिनामा एक पटक लगाए पुग्छ ।

- *“के तपाई सूईको लागि सहि समयमा आउन सक्नुहुन्छ ?”*
- *कसरी सम्झनु हुन्छ त ?”*

- **धेरै प्रभावकारी छ ।**

- **सुई लगाउने आउन सक्ने ग्राहकको लागि धेरै प्रभावकारी छ ।**

- **यो सूई रोकेपछि पनि गर्भवती हुन केही समय लाग्न सक्छ ।**

- डिपोको प्रयोग रोकेपछि गर्भवती हुने क्षमता फर्किन केही महिना लाग्न सक्छ तर यसले बाँझोपन भने गराउँदैन ।

- **धेरै सुरक्षित छ ।**

- डिपो सूई स्वास्थ्यका लागि हानिकारक छैन । यो सूईले आमाको दूधको गुणमा कुनै असर गर्दैन ।
- **डिपो सम्वन्धी भ्रामक हल्लाबारे बुझ्ने :** “यी सूईहरु बारे के सुन्नु भएको छ ?”
- डिपो सम्वन्धी भ्रामक हल्ला प्रष्ट पार्ने । (परिशिष्ट AP10 पनि हेर्ने)



- **महिनावारीको रक्तश्रावमा परिवर्तन आउँछ ।**

- **साधारण असरहरु** (पाना D3 मा हेर्ने)

- **यौन संक्रमण/एच.आई.भी.बाट बचाउँदैन ।**

- **यौन संक्रमण/एच.आई.भी.बाट बच्न कण्डमको पनि प्रयोग गर्नु पर्दछ ।**

**यस पछि :**




के तपाई यो साधन बारे थप जानकारी चाहनु हुन्छ वा अन्य साधन बारे कुरा गर्न चाहनु हुन्छ ?

| | |
|---|---|
| **डिपो सूई बारे थप जानकारी चाहेमा** अर्को पानामा जाने । | **अन्य साधनबारे छलफल गर्न** साधन छनौटको फुर्कामा जाने । |

डिपो सूई गर्भनिरोधका लागि मात्र हो । यसले यौन संक्रमण/एच.आई.भी बाट बचाउँदैन ।
त्यसैले एच.आई.भी र यौन संक्रमणबाट बच्न हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

# डिपो सूई प्रयोग गर्न कसले सक्छ, कसले सक्दैन

धेरै जसो महिलाहरुले डिपो सूई सुरक्षितसँग प्रयोग गर्न सक्छन् । तर निम्न अवस्थामा प्रयोग गर्न सकिदैन ।





- उच्च रक्तचाप भएको अवस्थामा ।




- स्तनपान गराएको ६ हप्ता नपुगेको अवस्थामा ।



- गर्भवती भएमा वा गर्भवती भएको शंका लागेमा ।



- केही अन्य गम्भिर स्वास्थ्य अवस्थामा ।



इमप्लाण्ट

# इमप्लाण्ट

- माथिल्लो पाखुराको छाला मुनी २ वटा साना प्लाष्टिकका रडहरु राखिन्छ ।

**इमप्लाण्ट बारे :**
- यसमा प्रोजेसटोजन (progestogen) हुन्छ तर अस्ट्रोजेन (oestrogen) हुँदैन ।
- यसले सर्भाईकल म्युकस (cervical mucus) बाक्लो बनाएर र डिम्ब निस्कन रोकेर काम गर्दछ । (परिशिष्ट AP4 र AP5 हेर्नै)
- नरम रड छाला भित्रपट्टी देख्न सकिन्छ । राम्ररी राखेमा र निकालेमा खत देखिदैन ।
- तालिम प्राप्त स्वास्थ्यकर्मीबाट यो राख्ने वा निकाल्ने गरिन्छ ।

- धेरै प्रभावकारी छ ।


- जेडेल ५ वर्षसम्म र इम्प्लानोन ३ वर्षसम्म काम गर्ने अति प्रभावकारी साधन हुन् ।

- इमप्लाण्टको प्रकार अनुसार पाँच वा तीन वर्षसम्म काम गर्दछ ।

- ८० के.जी. भन्दा बढी तौल भएका महिलाहरुमा जेडेल ४ वर्षपछि वा २ बर्षपछि इम्प्लानोन निकाल्नु पर्छ (IM 4 हेर्नै) ग्राहकले त्यसपछि पनि इमप्लाण्ट प्रयोग गर्न चाहेमा अर्को सेट प्रयोग गर्ने ।
- इमप्लाण्ट रड (rod) निकाल्ने बित्तिकै गर्भवती हुने क्षमता फर्कन्छ ।

- सुरक्षित छ ।

- इमप्लाण्टले स्वास्थ्यलाई हानि गर्दैन । स्तनपान गराउने आमाको दूधको गुणमा पनि असर गर्दैन ।
- **भ्रामक हल्ला बारे बुझ्ने**
  *“जेडेल इमप्लाण्ट् बारे के सुन्नु भएको छ ?”*
- **भ्रामक कुरा प्रस्ट पार्ने :** इमप्लाण्ट रड (rod) शरीरभित्र फुट्दैन । (परिशिष्ट AP10 पनि हेर्नै)



- महिनावारीको रक्तश्रावमा घटबढ गराउन सक्छ ।

- इमप्लाण्टका साधारण असरहरु हुन सक्छन् । (IM 3 मा हेर्नै)

- एच.आई.भी/यौन संक्रमणबाट बचाउँदैन ।

- यौन संक्रमण/एच.आई.भी बाट बचावटका लागि कण्डमको प्रयोग गर्नुपर्छ ।

**यस पछि**



के ग्राहक इमप्लाण्टको बारेमा थप जानकारी लिन चाहन्छिन् वा अरु नै साधनबारे कुरा गर्न चाहन्छिन् ?

**इमप्लाण्टबारे थप जानकारी चाहेमा** अर्को पानामा जाने ।


**अन्य साधनबारे छलफल गर्न** साधन छनौटको फुर्कामा जाने ।

इमप्लाण्ट गर्भनिरोधका लागि मात्र हो । यसले यौन संक्रमण/एच.आई.भीबाट बचाउँदैन ।
त्यसैले एच.आई.भी र यौन संक्रमणबाट बच्न हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

IM 1

# इमप्लाण्ट कसले प्रयोग गर्न सक्छ, कसले सक्दैन

धेरै जसो महिलाहरुले इमप्लाण्टको प्रयोग गर्न सक्छन् तर निम्न अवस्थामा प्रयोग गर्न सकिदैन ।






- स्तनपान गराएको ६ हप्ता नपुगेको अवस्थामा ।



- गर्भवती भएमा ।



- केही अन्य गम्भीर स्वास्थ्य अवस्थामा ?




# पुरुषको बिना चिरफार बन्ध्याकरण

- **यो एक साधारण बिना चिरफार गरिने शल्यक्रिया हो ।**

**बन्ध्याकरण (भ्यासेक्टोमी) बारे :**
- शुक्रकिटलाई विर्यमा मिसिन दिदैन । शुक्रकिट लैजाने नलीलाई बाँधेर काटिन्छ ।
- दुःखेको कम गर्ने सूई लगाई ब्लेडले नकाटी शल्यक्रिया गरिन्छ र पुरुष होसमा नै हुन्छन् ।
- केही समयपछि नै घर जान सकिन्छ ।
- केही दिनसम्म असजिलो हुन सक्छ ।

- **यो एक स्थायी साधन हो । सन्तानको ईच्छा पुगिसकेका दम्पति का लागि यो उपयुक्त साधन हो ।**

- सामान्यतया उल्टाउन सकिंदैन ।
- *"राम्रोसंग ध्यान दिनुहोस् : के तपाईलाई थप सन्तान चाहिएको छ ? भविष्यमा तपाईबाट पुनः सन्तान हुन सक्दैन ।"*
- जोडीको प्राथमिकता र चासोबारे सोध्ने ।
- पुरुषको चिरफार बिना गरिने बन्ध्याकरण सजिलो, सुरक्षित र प्रभावकारी हुन्छ ।

- **यो प्रभावकारी साधन हो ।**

- परिवार नियोजनका साधनहरु मध्ये एउटा अति प्रभावकारी साधन हो ।
- तुरुन्तै प्रभावकारी हुदैन । ३ महिनासम्म कण्डम लगाउने वा जोडीलाई अन्य प्रभावकारी साधन लिन लगाउने । "के यसो गर्दा तपाईलाई अप्ठ्यारो हुन्छ ?"

- **यो साधन सुरक्षित छ ।**
- **यसले यौन क्षमतामा असर गर्दैन ।**

- चासो र भ्रामक हल्लाबारे बुझ्ने ।

*"पुरुषको चिरफार बिना बन्ध्याकरणसम्बन्धी कुनै समस्याहरु सुन्नु भएको छ ?"*




**भ्रामक हल्लाबारे प्रष्ट पार्ने :**
- लिङ्ग उत्तेजित हुन्छ । विर्यपतनमा कमी आउँदैन ।
- यसले पुरुषत्वमा असर गर्दैन । यसले पुरुषमा स्त्रीपना ल्याउँदैन ।

- **यो साधनले यौन संक्रमण वा एच.आई.भी बाट बचाउँदैन ।**

- यौन संक्रमण, एच.आई.भीको बचावटको लागि पनि कण्डमको प्रयोग गर्ने ।
- हरेक पटकको यौन सम्पर्कमा कण्डम सही तरिकाले प्रयोग गर्नुपर्छ ।

**यस पछि**



*के ग्राहक स्थायी बन्ध्याकरण बारे थप जानकारी लिन चाहन्छ ?*

**पुरुष बन्ध्याकरण बारे थप जानकारी लिन चाहेमा** अर्को पानामा जाने ।

**अन्य साधनबारे छलफल गर्न** साधन छनौटको फर्कामा जाने ।

पुरुष बन्ध्याकरण गर्भनिरोधका लागि मात्र हो । यसले यौन संक्रमण/एच.आई.भीबाट बचाउँदैन ।
त्यसैले एच.आई.भी र यौन संक्रमणबाट बच्न हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

# पुरुष बन्ध्याकरण कहिले गर्न सकिन्छ


धेरै जसो पुरुषले कुनै पनि समय स्थायी बन्ध्याकरण (भ्यासेक्टोमी) गर्न सक्छन् ।



तर निम्न अवस्थामा पर्खन आवश्यक छ :

- गुप्ताङ्गमा कुनै समस्या भएमा जस्तै : संक्रमण, घाउ, लिङ्गमा वा अण्डकोषमा गाँठो भएमा ।
- केही अन्य गम्भिर संक्रमण वा अवस्थामा ।






# महिला बन्ध्याकरण

- यो एक शल्यक्रिया हो ।
- पाठेघर निकालिदैन, तपाईको महिनावारी मा असर पर्दैन ।

**महिला बन्ध्याकरण वारे :**
- पाठेघरसम्म डिम्ब लैजाने डिम्बबाहिनी नलीलाई बाँधेर काटिन्छ वा बन्द गरिन्छ (पाठेघरलाई केहि गंरिदैन) ।
- केही दिनसम्म दुखाई हुन सक्छ ।
- दु:खेको कम गर्ने सूई दिईन्छ र महिला होस मै हुन्छिन ।
- केही घण्टा पछि घर जान सकिन्छ ।

- यो एक स्थायी साधन हो । सन्तानको ईच्छा पुगिसकेका दम्पतिका लागी यो उपयुक्त साधन हो ।

- **सामान्यतया उल्टाउन सकिदैन ।**
- *"राम्रोसंग ध्यान दिनुहोस् । भविष्यमा तपाईबाट पुन:सन्तान हुन सक्दैन ।"*
- जोडीको प्राथमिकता र चासोबारे बुझ्ने ।
- पुरुष बन्ध्याकरण पनि गर्न सकिन्छ । पुरुष बन्ध्याकरण सजिलो, भरपर्दो र प्रभावकारी हुन्छ ।

- यो एक प्रभावकारी साधन हो ।

- यो महिलाको लागि परिवार नियोजनको अति प्रभावकारी साधन हो ।
- फेरि गर्भधारणको सम्भावना अति कम हुन्छ ।

- यो साधन सुरक्षित छ ।



- चासो र भ्रामक हल्लाहरु बारे बुझ्ने :
  *"स्थायी बन्ध्याकरणबारे के समस्याहरु सुन्नुभएको छ ?"*
  गर्भनिरोधका सम्बन्धमा भ्रामक हल्लाबारे छलफल गर्न परिशिष्ट AP10 प्रयोग गर्ने ।
- बच्चा नभएका महिला सहित कुनैपनि महिलाले चाहेमा स्थायी बन्ध्याकरण गर्न सक्छिन् ।

- दीर्घकालीन असरहरु हुँदैन ।

- सामान्यतया शल्यक्रियाका गम्भिर जटिलताहरु हुँदैनन् ।

- यौन संक्रमण/एच.आई.भी बाट यसले बचाउँदैन ।

- यौन संक्रमण/एच.आई.भी बाट बच्नको लागि नियमित र सही तरीकाबाट कण्डमको प्रयोग गर्ने ।

## यस पछि



*तपाई महिला बन्ध्याकरणबारे थप जानकारी चाहनुहुन्छ वा अन्य साधनबारे कुरा गर्न चाहनु हुन्छ ?*

**महिला बन्ध्याकरण बारे थप जानकारी चाहिएमा** अर्को पानामा जाने ।


**अन्य साधनबारे छलफल गर्न चाहेमा** साधन छनौट फुर्कामा जाने ।

महिला बन्ध्याकरण गर्भनिरोधका लागि मात्र हो । यसले यौन संक्रमण/एच.आई.भी बाट बचाउँदैन ।
त्यसैले एच.आई.भी र यौन संक्रमणबाट बच्न हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

MLS 1

# महिला बन्ध्याकरण कहिले गर्न सकिन्छ ?

महिला बन्ध्याकरण कुनै पनि समयमा गर्न सकिन्छ ।



तर निम्न अवस्थामा पर्खन आवश्यक छ :



- बच्चा जन्माएको १ देखि ६ हप्ता अवधि भित्र भएमा




- गर्भवती भएको भएमा



- महिला जनिन्द्रियमा संक्रमण वा अन्य समस्या भएमा ।



- अन्य कुनै गम्भीर स्वास्थ्य अवस्थामा




# पुरुष कण्डम

**पुरुष कण्डमका बारेमा :**
- एउटा रबरको खोल हो । संभोग गर्दा लिङ्गलाई छोपिन्छ ।
- सबै जसो पुरुष ठुलो लिङ्ग भएका समेतले कण्डमको प्रयोग गर्न सक्छन, रबरसंग एलर्जी हुने बाहेक सबै जोडीले प्रयोग गर्न सक्छन् ।

- **यसले एच.आई.भी/यौन संक्रमण र गर्भधारण दुवै हुनबाट बचाउँछ ।**

**ग्राहकलाई निम्न अवस्थामा कण्डमको आवश्यकता पर्दछ, :**
- आफू वा आफ्नो जोडीलाई एच.आई.भी वा यौन संक्रमण छ कि छैन भन्ने यकिन नभएमा ।
- एकभन्दा बढी यौन जोडी भएमा ।

- **प्रत्येक पटक यौन सम्पर्क गर्दा सही तरीकाले प्रयोग गरेमा प्रभावकारी छ ।**

- कण्डम प्रत्येक पटक ठीकसँग प्रयोग गरेमा गर्भधारण, एच.आई.भी र अन्य यौन सम्पर्कबाट हुने संक्रमण को रोकथाममा बढी प्रभावकारी हुन्छ ।
- प्रत्येक यौन सम्पर्कमा प्रयोग गरेमा अति उपयुक्त हुन्छ ।

- **यो मात्रै वा अन्य साधनसँग प्रयोग गर्न सकिन्छ । (महिला कण्डम सँग भने प्रयोग गर्नु हुँदैन )**

- गर्भधारणको प्रभावकारी रोकथामको लागि परिवार नियोजनको अन्य साधन सहित कण्डमको प्रयोग गर्न सक्नुहुन्छ । (तर महिला कण्डम संग भने प्रयोग गर्नु हुँदैन ।)
- पिल्स खान छुट्दा, डिपो सूई लिन ढिलो हुदाँ र ब्याकअप (back-up) को लागि कण्डम प्रयोग गर्न सकिन्छ ।

- **पाउन तथा प्रयोग गर्न सजिलो छ ।**

- पसलहरुमा सजिलै पाइन्छ ।
- अनुभवसंगै प्रयोग गर्न सजिलो हुँदै जान्छ ।
- धेरै जोडीहरुले कण्डम को प्रयोगबाट थप आनन्द लिन्छन ।

- **जोडीसँग छलफल गर्न जरुरी हुन्छ ।**

**जोडीले कण्डमको प्रयोग नचाहेमा :**
- *"हामी यस विषयमा छलफल गर्न सक्छौं । "*
- ग्राहकले आफ्नो जोडी संग कसरी बोल्ने वा छलफल गर्ने भन्ने बारे अभ्यास गर्ने । परिशिष्ट ९ प्रयोग गर्ने ।



**यस पछि**




**के ग्राहक पुरुष कण्डमबारे थप जान्न चाहन्छ ?**

| | |
|---|---|
| **पुरुष कण्डमको बारेमा थप जानकारी चाहेमा** अर्को पानामा जाने । | **अर्को साधनबारे छलफल गर्न** साधन छनौटको **फुर्कामा** जाने । |


एच.आई.भी/यौन संक्रमणबाट बच्न र गर्भनिरोधका लागि हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

MC 1


# पुरुष कण्डमको प्रयोग कसरी गर्ने




प्याकेटलाई
राम्ररी खोल्नु पर्छ ।




कण्डमलाई लिङ्गको
टुप्पोमा बेरीएको रीङ्ग
बाहिरपट्टी फर्काएर राख्नु
पर्दछ ।



लिङ्गको फेदसम्म
कण्डम झार्नु पर्छ




स्खलन (ejaculation)
भैसकेपछि कण्डम
नफुत्कियोस् भनेर
कण्डमको रिङ्गलाई समाति
लिङ्ग योनीबाट बाहिर
निकाल्नु पर्छ ।



प्रयोग गरिसकेको
कण्डम राम्रोसँग
उपयुक्त ठाउँमा
फ्याक्नु पर्दछ ।



महिला
कण्डम



# महिला कण्डम

- यसले गर्भाधारण र एच.आई.भी/यौन संक्रमण दुबै हुनबाट बचाउँछ।

**महिला कण्डमबारे :**
- यो यौन सम्पर्क गर्नु अगाडि योनीमा राखिने एक खुकुलो प्लाष्टिकको थैली हो।
- सबै जसो महिलाले यसको प्रयोग गर्न सक्छन्।

**ग्राहकलाई निम्न अवस्थामा कण्डमको आवश्यकता पर्दछ :**
- आफू वा आफ्नो जोडीलाई एच.आई.भी. वा यौन संक्रमण छ कि छैन भन्ने यकिन नभएमा।
- एक भन्दा वढी यौन जोडी भएमा वा।

- प्रत्येक पटक यौन सम्पर्कगर्दा प्रयोग गरेमा प्रभावकारी छ

- कण्डम प्रत्येक पटक ठीकसंग प्रयोग गरेमा गर्भधारण रोक्न बढि प्रभावकारी हुन्छ।
- गर्भधारण, एच.आई.भी. र अन्य यौन संक्रमणको बचावटमा पुरुष कण्डमको तुलनामा कम प्रभावकारी छ।
- प्रत्येक यौन सम्पर्क अघि लगाएमा बढि उपयुक्त हुन्छ।


- यो मात्रै वा अन्य साधन सँग प्रयोग गर्न सकिन्छ। (पुरुष कण्डमसँग भने प्रयोग गर्नु हुँदैन।

- परिवार नियोजनका साधनसंग संयुक्त रुपमा प्रयोग गरे गर्भधारण रोक्न बढि प्रभावकारी हुन्छ तर पुरुष कण्डमसँग प्रयोग गर्न सकिन्न।
- यो पिल्स लिन छुट्दा, डिपो सूई लिन ढिलो हुँदा ब्याकअप (back-up) को लागि प्रयोग गर्न सकिन्छ।

- महंगो हुन सक्दछ।

- यो पुरुष कण्डम भन्दा बढि महंगो छ र सजिलै उपलब्ध छैन।

- महिला आफैले लगाउने हो तर जोडीसँग छलफल गर्न आवश्यक हुन्छ।



- **जोडीले कण्डमको प्रयोग नचाहेमा :** *हामी यस विषयमा छलफल गर्न सक्छौं।"*
- जोडीसँग कसरी कुरा गर्ने भन्ने बारेमा ग्राहकसंग अभ्यास गर्ने। परिशिष्ट A9 प्रयोग गर्ने।

**यस पछि**



***के ग्राहक महिला कण्डमको बारेमा थप जान्न चाहन्छ ?***


**महिला कण्डम बारे थप जानकारी चाहेमा** अर्को पानामा जाने।

**अन्य साधनबारे छलफल गर्न** साधन छनौटको प


एच.आई.भी/यौन संक्रमणबाट बच्न र गर्भनिरोधका लागि हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ।

FC
1


# महिला कण्डम कसरी प्रयोग गर्ने





• सावधानी साथ प्याकेट खोल्नु पर्छ ।




• सजिलो हुने गरी बस्नु पर्छ ।
- टुक्रुक्क बस्नु पर्छ ।
- एउटा खुट्टा उचालेर बस्नु पर्छ ।
- पल्टिएर बस्नु पर्छ





• बन्द भागमा रहेको भित्री रिङ्गलाई खुमच्याउनु पर्दछ




• विस्तारै भित्री रिङ्ग योनी भित्र घुसाउनु पर्छ ।
• कण्डम भित्र चोर औंला घुसाउनु र भित्री रिङ्गलाई सकेसम्म भित्र धकेल्नु पर्छ ।
• बाहिरी रिङ्ग, योनी बाहिरी भएको र कण्डम नबटारिएको बारे यकिन गनु पर्छ ।
• यौन सम्पर्कको समयमा लिङ्ग कण्डम भित्र रहेको यकिन गर्नु पर्छ ।




• निकाल्नलाई बाहिरी रिङ्गलाई घुमाउनु र बिस्तारै बाहिर निकाल्नु पर्छ ।
• प्रयोग गरिसकेपछि कण्डम निश्चित ठाउँमा फ्याक्नु पर्छ ।

ल्याम (LAM)



# स्तनपानमा आधारित गर्भनिरोध बिधि (LAM)

- स्तनपानमा आधारित गर्भनिरोध विधि परिवार नियोजनको भरपर्दो बिधि हो ।

ल्याम (LAM) का बारेमा :
- ल्याक्टेसनल (lactational) भन्नाले स्तनपानसँग सम्बन्धित हो ।
- एमनोरिया (amenorrhoea) भन्नाले महिनावारी नहुनु हो ।
- यसले डिम्ब निष्कासन रोकेर काम गर्दछ । (परिशिष्ट AP4 र AP5 हेर्नै)

- यो विधि भनेको बच्चालाई तोकिए अनुसार स्तनपान मात्र गराएर गर्भनिरोध गर्ने विधि हो ।

- बच्चालाई आमाको दूध मात्र खुवाउनु पर्छ (अन्य खाना नदिने) यसले गर्भधारण रोक्छ र शिशुको स्वास्थ्यको लागि पनि उत्तम छ ।
- गर्भाधारण रोक्नको लागि कसरी स्तनपान गराउने भन्ने बारेमा जान्न पाना L3 हेर्नै ।

- बच्चा जन्माएको ६ महिनासम्म प्रभावकारी हुन्छ ।

- महिनावारी फर्किसकेको छैन भने ।
- सही रुपले पूर्ण स्तनपान गराइरहेको छ भने ।

- आमाको दूध बच्चाको लागि सबैभन्दा पोषिलो खाना हो ।

- शिशुलाई शुरुको ६ महिनासम्म खुवाउने सबैभन्दा पोषिलो खाना नै आमाको दूध हो । आमाको दूधमा बच्चालाई चाहिने र अन्य संक्रमणबाट बचाउने विशेष पोषक तत्व हुन्छ । यसले आमाको स्वास्थ्यमा पनि फाइदा पुऱ्याउँछ ।
- स्तनपान बच्चा जन्मेको १ घण्टा भित्रै शुरु गर्नुपर्छ र बच्चालाई ६ महिनासम्म आमाको दूध बाहेक अन्य दूध वा खाना दिनुहुँदैन ।
- आमाको दूध २ वर्ष वा त्योभन्दा बढि समयसम्म पनि खुवाउन सकिन्छ ।

- यसले यौन संक्रमण/एच.आई.भी बाट यसले बचाउँदैन ।

- यौन संक्रमण र एच.आई.भी बाट बचावटको लागि कण्डमको पनि प्रयोग गर्नुहोस् ।
- स्तनपान मार्फत आमालाई भएको एच.आई.भी. बच्चामा सर्न सक्छ ।

**यस पछि**

के ग्राहक स्तनपानमा आधारित गर्भनिरोध विधि (LAM) बारे थप जानकारी चाहन्छन् ?

**थप जानकारी लिन चाहेमा** अर्को पानामा जाने ।

**अन्य साधन बारे छलफल गर्न** साधन छनौटको फुर्कामा जाने ।

LAM गर्भनिरोधका लागि मात्र हो । यसले यौन संक्रमण/एच.आई.भी बाट बचाउँदैन ।
त्यसैले एच.आई.भी र यौन संक्रमणबाट बच्न हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

# स्तनपानमा आधारित गर्भनिरोध विधि (LAM) को प्रयोग कहिले गर्न सक्नुहुन्छ

स्तनपान गराईरहेको भए निम्न तीनवटै अवस्थाहरुमा परिवार नियोजनका लागि ल्यामको प्रयोग गर्न सकिन्छ :

- बच्चा ६ महिनाको नभएसम्म ।

र

- बच्चाले आमाको दूध बाहेक अरु केहि पनि नलिएको अवस्थामा

र


- महिनावारी शुरु नभएको अवस्थामा ।





निम्न अवस्था भए बताउनुहोस् :

- एड्स लागेको छ ? वा एच आई भी बाट संक्रमित हुनुहुन्छ ?




# माला चक्र विधि कसले प्रयोग गर्न सक्छन् ?

## धेरै जसो महिलाहरुले यस विधिको प्रयोग गर्न सक्छन्
## तपाई पनि प्रयोग गर्न सक्नुहुन्छ, यदि

- **तपाईको महिनावारी चक्र २६ देखि ३२ दिन भित्रको छ र नियमित छ भने**

  - महिनावारी चक्र अनियमित हुने महिलाले यसको प्रयोग गर्न सक्दैनन्

  **महिनावारी चक्र पत्ता लगाउनका लागि सोध्नुहोस,**
  - "प्राय: हरेक महिना तपाईको महिनावारी एउटै समयमा हुने गर्छ?"
  - क्यालेण्डरमा पछिल्लो महिनावारी शुरु भएको दिनमा चिन्ह लगाउनुहोस् ।
  - क्यालेण्डरमा अर्को महिनावारी हुने आशा गरेको दिनमा चिन्ह लगाउनुहोस् ।
  - महिनावारी चक्रका दिनहरु गणना गर्नुहोस् ।
  - यसरी गणना गर्दा यदि महिनावारी चक्र २६ देखि ३२ दिनभित्रको भएमा ती महिलाले माला चक्र विधि विधिको प्रयोग गर्न सक्नेछिन् ।

- **गर्भवती हुन सक्ने सम्भावना भएका दिनहरुमा तपाई र तपाईको जोडीले यौन सम्पर्क नराख्न वा कण्डमको प्रयोग गर्न सक्नुहुन्छ भने**

  - यदि जोडीका दुवै जनाले महिनावारी चक्र शुरु भएको ८ देखि १९ दिनसम्म यौन सम्पर्क नराख्ने अथवा यी दिनहरुमा यौन सम्पर्क भएमा कण्डमको प्रयोग गर्ने सोच गरेका छन ?
  - गर्भ रहन सक्ने दिनहरुमा यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गर्न सकिन्छ ।

## तपाईले पर्खनु पर्ने हुन सक्छ यदि

- **बच्चा जन्माएपछि तपाईको महिनावारी फर्किएको छैन भने**

  - बच्चा जन्माएपछि कम्तिमा ३ वटा २६ देखि ३२ दिनभित्रको महिनावारी चक्र भएको हुनुपर्नेछ ।

- **हालसालै तपाईले डिपो सुईको प्रयोग बन्द गर्नुभएको छ भने**

  - डिपो सुईको प्रयोग बन्द गरेपछि र यो विधिको प्रयोग शुरु गर्नुअघि २६ देखि ३२ दिन भित्रको महिनावारी चक्र कम्तिमा १ पटक भएमा
  - अन्य हर्मोन विधि छोड्ने भए यो विधिको प्रयोग तुरुन्त शुरु गर्न सकिन्छ ।

  *(यदि हर्मोन विधिको प्रयोग गर्नु भन्दा अगाडि महिनावारी चक्र २६ देखि ३२ दिनभित्रको नियमित भएमा)*

## यस पछि:

**ग्राहकको महिनावारी चक्र २६ देखि ३२ दिनभित्र छ र नियमित छ ?**


**छ भने**, यो विधिको प्रयोग गर्न सकिन्छ, थप जानकारीका लागि अर्को पानामा जाने ।

**छैन भने**, यो विधिको प्रयोग गर्न सकिदैन, अन्य साधन बारे छलफल गर्न साधन छनौट फर्कामा जाने ।

माला चक्र विधि गर्भनिरोधका लागि मात्र हो । यसले यौन संक्रमण/एच.आई.भी बाट बचाउँदैन ।
त्यसैले एच.आई.भी र यौन संक्रमणबाट बच्न हरेक पटकको यौन सम्पर्कमा सहि तरिकाले कण्डमको प्रयोग गर्नुपर्दछ ।

SDM 1


# माला चक्र विधिको प्रयोग तरिका




**१.रातो गेडीले महिनावारीको पहिलो दिन जनाउछ**

तपाईको महिनावारीको पहिलो दिन रबरको औंठीलाई रातो गेडीमा राख्नुहोस्


सम्झनाका लागी क्यालेण्डरमा चिन्ह लगाउनुहोस्



२. प्रत्येक दिनको बिहान रबरको औंठीलाई अर्को गेडीमा सार्नुहोस्

दिनहुँ रबरको औंठीलाई संकेतमा देखाएको दिशातर्फ सार्नुहोस्




**३.सेतो गेडीले गर्भवती हुनसक्ने दिन जनाउँछ**



गर्भवती हुनबाट बच्न यी दिनहरुमा कण्डमको प्रयोग गर्नुहोस् अथवा यौन सम्पर्क नगर्नुहोस्






**४.खैरो गेडीले गर्भ रहन सक्ने संभावना नभएका दिन जनाउँछ**

यी दिनहरुमा यौन सम्पर्क गर्दा गर्भ रहन नदिनका लागि कण्डमको प्रयोग आवश्यक छैन ।

अर्को महिनावारी शुरु भएको दिन फेरि रबरको औंठीलाई रातो गेडीमा लैजानुहोस् । बीचमा कुनै पनि गेडी बाँकी रहे छाडिदिनुहोस् ।



# परिशिष्ट

## ग्राहक र सेवा प्रदायकका लागि सामग्री

परिशिष्ट १ : गर्भवती भए नभएको यकिन गर्न प्रश्नावली

परिशिष्ट २ : कुन साधन सेवाग्राहीलाई उपयुक्त हुन्छ ?

परिशिष्ट ३ : साधनको प्रभावकारिता तुलना गर्ने

परिशिष्ट ४ : स्त्री प्रजनन् प्रणाली

परिशिष्ट ५ : महिनावारी चक्र

परिशिष्ट ६ : पुरुष प्रजनन् प्रणाली

## सेवा प्रदायकका लागि जानकारी

परिशिष्ट ७ : परिवार नियोजनको साधनको शुरुवात

परिशिष्ट ८ : यौन संक्रमण, एच.आई.भी/एड्सको वास्तविकता

परिशिष्ट ९ : जोडीबीच छलफल गर्न प्रोत्साहित गर्ने

परिशिष्ट १० : गर्भनिरोधका बारेमा चलेका भ्रामक कुराहरु

परिशिष्ट ११ : यौन र प्रजनन् स्वास्थ्य बारे केहि सुझाव

परिशिष्ट १२ : परामर्शका लागि बुँदाहरु

परिशिष्ट १३ : हिंसा भोगिरहेकी महिलालाई सहयोग गर्ने

# गर्भवती भए नभएको यकिन गर्ने





१. गत सात दिन भित्र महिनावारी भएको हो ?



२. गत चार हप्ताभित्र सुत्केरी भएको हो ?




३. स्तनपान गराईरहेको र सुत्केरी भएको ६ महिना नपुगेको र महिनावारी शुरू नभएको अवस्था हो ?



४.गत सात दिन भित्र गर्भपतन भएको छ ?



५. अन्तिम महिनावारी पछि यौन सम्पर्क गर्नुभएको छैन हो ?



६. परिवार नियोजनको कुनै साधनको प्रयोग ठीकसँग गरिरहनु भएको छ, हो ?

*यी मध्ये कुनै एकको उत्तर सही हो भने तपाई साधनको प्रयोग सुरू गर्न सक्नुहुन्छ ।*